कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ६२।०८२
दर्ता मिति: २०८२।११।११

# बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८२

कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमा हुने जोखिमहरूको आर्थिक सुरक्षण गर्दै यस्ता व्यवसायतर्फ कृषकलाई आकर्षण गरी कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी सुरक्षित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि मिति २०८२ साल साउन १ गतेदेखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यालय" भन्नाले प्रदेश सरकारको वा स्थानीय तहका कृषि, पशुपन्छी तथा मत्स्य विषय क्षेत्र हेर्ने कार्यालय सम्झनु पर्छ।

(ख) "काबू बाहिरको परिस्थिति" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्य व्यवसायमा विभिन्न प्राकृतिक विपद् एवं रोग किराको कारण तथा दुर्घटना एवं बीमालेखमा उल्लिखित परिस्थिति सम्झनु पर्छ।

(ग) "पशुधन" भन्नाले घरपालुवा पशुपन्छी तथा मत्स्य सम्झनु पर्छ।

(घ) "बाली" भन्नाले कृषि क्षेत्रबाट उत्पादित फलफूल, तरकारी, खाद्यान्न, तेलहन, दलहन, मसला बाली, पुष्प, च्याउ जस्ता कृषि उपज सम्झनु पर्छ र सो शब्दले मौरी पालन, रेशम खेती, च्याउ खेती, चिया, कफी, उखु लगायत अन्य नगदे तथा औद्योगिक बाली समेतलाई जनाउँनेछ।

(ङ) "बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ र सो शब्दले लघु निर्जीवन बीमा कम्पनी समेतलाई जनाउँनेछ।

(च) "बीमित" भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था (फर्म) वा किसानको सामुहिक रुपमा बीमा गरिदिने संस्था (जस्तैः नगरपालिका, गाँउपालिका, सहकारी संस्था आदि) सम्झनु पर्छ ।

(छ) "बीमालेख" भन्नाले बीमकले कुनै पनि जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(झ) "विभाग" भन्नाले कृषि विभाग र पशु सेवा विभाग सम्झनु पर्छ।

(ञ) "समिति" भन्नाले बाली तथा पशुधन बीमा प्रिमियममा अनुदान व्यवस्थापन समिति सम्झनु पर्छ।

परिच्छेद -२

समिति सम्बन्धी व्यवस्था

३. समितिः (१) बाली तथा पशुधन बीमा कार्यक्रम व्यवस्थापन गर्न देहाय बमोजिमको समिति रहनेछः-

| | |
|---|---|
| (क) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -अध्यक्ष |
| (ख) सहसचिव, अर्थ मन्त्रालय | -सदस्य |
| (ग) सहसचिव, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | -सदस्य |
| (घ) सहसचिव, राष्ट्रिय योजना आयोग (कृषि विषय हेर्ने) | -सदस्य |
| (ङ) महानिर्देशक, कृषि विभाग | -सदस्य |
| (च) महानिर्देशक, पशु सेवा विभाग | -सदस्य |
| (छ) प्रतिनिधि, नेपाल विमक संघ | -सदस्य |
| (ज) कार्यकारी निर्देशक, नेपाल बीमा प्राधिकरण | -सदस्य-सचिव |

(२) मन्त्रालयले आवश्यक ठानेमा उपदफा (१) बमोजिमको समितिमा विज्ञ सदस्य आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) बैठकको अध्यक्षता बाली तर्फको विषयमा सचिव (कृषि तर्फ) र पशुधनको विषयमा सचिव (पशुपन्छी तर्फ) बाट हुनेछ।

(५) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(६) समितिको सचिवालय नेपाल बीमा प्राधिकरणमा रहनेछ।

४. समितिको काम, कर्तव्यः समितिको काम, कर्तव्य देहाय बमोजिम हुने छन्:-

(क) बाली तथा पशुधन बीमा अनुदानको लागि आवश्यक पर्ने वार्षिक बजेट रकम अनुमान गरी मन्त्रालयमा सिफारिस गर्ने,

(ख) बाली तथा पशुधन बीमा गर्ने विमकलाई यस कार्यविधि बमोजिम प्रिमियम रकम अनुदान उपलब्ध गराउन व्यवस्था मिलाउने,

(ग) बीमक कम्पनीबाट बीमालेख बमोजिम कृषकलाई सहजरुपमा दावी भुक्तानी उपलब्ध गराउन सहजीकरण गर्ने,

(घ) बीमा सम्बन्धि अनुगमनका क्रममा बीमा कार्यक्रम कार्यान्वयनमा गलत बीमा भएको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको पाईएमा प्रचलित कानून बमोजिम कारवाहीका लागि नेपाल बीमा प्राधिकरणमा सिफारिस गर्ने,

(ङ) बाली तथा पशुधन बीमा कार्यक्रम कार्यान्वयन सम्बन्धमा देखिएका समस्या समाधानको लागि पहल गर्ने,

(च) प्रिमियममा अनुदान प्रदान गरिँदै आएको बाली तथा पशुधनको विवरणमा थपघट गर्नुपरेमा स्वीकृतिको लागि मन्त्रालयमा सिफारिस गर्ने,

(छ) बाली तथा पशुधन बीमा प्रिमियम दर लगायत अन्य प्राविधिक विषय कार्यान्वयनको लागि नेपाल बीमा प्राधिकरणलाई सिफारिस गर्ने,

(ज) बाली तथा पशुधन बीमा कार्यान्वयनका सम्बन्धमा समितिले गर्ने कार्यमा सहजीकरण गर्न आवश्यकता अनुसार उपसमिति गठन गर्ने।

## परिच्छेद-३

## अनुदान उपलब्ध गराउने प्रकृया तथा अनुगमन सम्बन्धी व्यवस्था

५. <u>अनुदान उपलब्ध गराउने प्रक्रिया</u>: नेपाल सरकारले निर्णय गरेबमोजिमको बाली तथा पशुधन बीमाको प्रिमियम वापत दिइने अनुदान रकम स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अनुरुप देहाय बमोजिमको प्रक्रिया अपनाई उपलब्ध गराउनु पर्नेछः-

(क) बाली तथा पशुधनको बीमा गर्ने व्यक्ति, संस्था (फर्म) वा सामुहिक बीमा गर्नेले वीमा प्रिमियममा अनुदान प्राप्त गर्न नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी वा लघु निर्जीवन बीमा कम्पनीमा निवेदन दिनु पर्नेछ।

(ख) खण्ड (क) बमोजिमको निवेदनको आधारमा बीमा कम्पनीले नेपाल सरकारबाट उपलब्ध हुने बीमा शुल्कमा अनुदान बाहेकको बीमाशुल्क लिई बीमा गर्नु पर्नेछ।

सचिव सचिव

(ग) बीमा गरिने बाली तथा पशुधनको प्रीमियममा अनुदान प्रतिशत नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/६/१४ को निर्णयले अनुसुची-१ बमोजिम हुनेछ।

(घ) बीमकले नेपाल बीमा प्राधिकरणमा भुक्तानीका लागि पेश गर्दा सम्बन्धित कार्यालयको प्राविधिकको सिफारिस सहित पेश गर्नु पर्नेछ।

(ङ) कार्यालयले बिमकबाट प्राप्त विवरणको आधारमा नेपाल बीमा प्राधिकरणमा प्रिमियम अनुदानको भुक्तानीको लागि सिफारिस गर्नु पर्नेछ।

(च) अनुदानका लागि पेश गरिने बीमालेखको सक्कल प्रति मागेको बखत जुनसुकै बेला उपलब्ध गराउने गरी बीमक आफैंले सुरक्षित राख्नु पर्नेछ।

(छ) बिमकले खण्ड (ग) बमोजिम नेपाल सरकारले व्यहोर्ने रकम भुक्तानीका लागि बीमालेखको प्रतिलिपि र सम्बन्धित कार्यालयको सिफारिस पत्र बीमा गरेको तिस दिनभित्र नेपाल बीमा प्राधिकरणमा पेश गर्नु पर्नेछ।

(ज) नेपाल बीमा प्राधिकरणले खण्ड (छ) बमोजिम पेश हुन आएका कागजातहरु रुजू गरी मत्स्य तथा पशुपन्छी बीमा तर्फको प्रिमियम अनुदानको लागि पशु सेवा विभाग र बाली बीमा तर्फको प्रिमियम अनुदानको लागि कृषि विभागमा निकासाको लागि सिफारिस सहित पेश गर्नु पर्नेछ।

(झ) विभागहरुले खण्ड (ज) बमोजिम प्राप्त विवरण पुनः रुजू गरी अनुदान निकासा सहमतिको लागि समितिमा सिफारिस सहित पेश गर्नु पर्नेछ।

(ञ) समितिले प्राप्त सिफारिस अध्ययन गरी नेपाल सरकारले व्यहोर्ने रकम सम्बन्धित विभागको स्वीकृत कार्यक्रमबाट नेपाल बीमा प्राधिकरणलाई निकासा गर्न सम्बन्धित विभागलाई सहमति प्रदान गर्नेछ।

(ट) सम्बन्धित विभागले समितिबाट प्राप्त सहमति बमोजिमको रकम नेपाल बीमा प्राधिकरणलाई निकासा गर्नु पर्नेछ र नेपाल बीमा प्राधिकरणले खण्ड (ड) बमोजिमको खातामा उक्त निकासा रकमको आम्दानी बाँध्नु पर्नेछ।

(ठ) नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीको माग दावी रुजु गरी भुक्तानी दिनुपर्ने रकम समेत यकिन गरी खण्ड (ट) बमोजिम आम्दानी बाँधिएको रकमबाट सम्बन्धित बीमा कम्पनीलाई अनुदान रकम भुक्तानी दिनु पर्नेछ।

(ड) नेपाल बीमा प्राधिकरणले सम्बन्धित विभागबाट निकासा हुने रकमको लागि छुट्टै खाता खोल्नु पर्नेछ।

(ढ) नेपाल बीमा प्राधिकरणले आर्थिक वर्षको अन्त्यमा खर्च नभई सम्बन्धित खातामा बाँकी रहन गएको रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्नेछ।

(ण) नेपाल बीमा प्राधिकरणले कुनै कारणवश सोही वर्ष भुक्तानी हुन नसकेको बीमा प्रिमियमको रकम भुक्तानी गर्नको लागि संघीय संचित कोषमा फिर्ता दाखिला गरिए वरावरको रकम विभागको आगामी वर्षको स्वीकृत बजेटमा समावेश गरी निकासाका लागि सम्बन्धित विभागमा पुनः पेश गर्नु पर्नेछ।

(त) नेपाल बीमा प्राधिकरणले खण्ड (ड) बमोजिमको खातामा निकासा प्राप्त भएको रकमको आम्दानी र खर्चको कारोवारको लेखा राखी आवधिक रुपमा नियमित आन्तरिक लेखा परीक्षण गराउने दायित्व नेपाल बीमा प्राधिकरणको हुनेछ।

(थ) नेपाल बीमा प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र अन्तिम लेखापरिक्षण गरी समितिमा लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(द) बीमा गरिने बाली तथा पशुधनको बीमाङ्क रकम निर्धारण, बीमा प्रिमियम रकम निर्धारण, दावी भुक्तानी प्रकृया र बीमा सम्बन्धी अन्य व्यवस्थाहरु कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९ र सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिम हुनेछ।

(ध) यस कार्यविधि बमोजिम नेपाल सरकारबाट बीमा प्रिमियममा अनुदान सुविधा प्राप्त गरेका बिमीतले प्रदेश तथा स्थानीय तहबाट सोही शिर्षकमा थप अनुदान लिन पाउने छैनन्।

(न) कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय गर्ने व्यक्ति वा संस्था (फर्म) वा सामुहिक बीमा गर्नेले खण्ड (ध) बमोजिमको व्यवस्थाको लागि अन्य कुनै निकायबाट थप अनुदान नलिएको स्वघोषणा गर्नु पर्नेछ।

६. <u>अनुगमन</u>: (१) नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने बीमकले आफूले जारी गरेको बाली तथा पशुधन बीमा सम्बन्धी बीमा लेख, त्यस्तो बीमा लेखले सिर्जना गरेको दायित्व तथा जोखिम र सम्बन्धित अन्य सूचनाहरु सहितको विवरण प्रत्येक त्रैमासिक समाप्त भएको मितिले सात (७) दिनभित्र नियमित रुपमा नेपाल बीमा प्राधिकरणमा पेश गर्नु पर्नेछ र नेपाल बीमा प्राधिकरणले यसरी प्राप्त भएको विवरण पन्ध्र (१५) दिनभित्र विभाग र मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) बाली तथा पशुधन जोखिम बीमा सदुपयोग र प्रभावकारिताका सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालय, नेपाल बीमा प्राधिकरण, कृषि विभाग, पशु सेवा विभाग र समितिले अनुगमन गर्न सक्नेछ।

(३) प्रदेश र स्थानीय स्तरमा अनुगमनको कार्य नेपाल बीमा प्राधिकरणको प्रादेशिक कार्यालय र सम्बन्धीत कृषि हेर्ने कार्यालयबाट समेत हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

## परिच्छेद-४

## विविध

७. <u>प्रविधिको प्रयोग</u>ः कृषि तथा पशुपन्छी बीमालाई पारदर्शी, व्यवस्थित, प्रभावकारी र वैज्ञानिक बनाउन सम्पूर्ण कृषि, पशुपन्छी तथा जडिबुटी बिमालेखहरु बीमा सम्बन्धी वास्तविक समय (रियल टाइम) मा आधारित सफ्टवेयर प्रणालीबाट मिति २०८२/४/१ गतेदेखि जारी भईरहेको हुँदा अनुदान भुक्तानीको सिफारिसमा समेत उक्त सफ्टवेयर प्रणाली मार्फत नै हुने व्यवस्था गरिनेछ ।

तर वास्तविक समय (रियल टाइम) मा आधारित सफ्टवेयर प्रणाली पूर्णरुपमा कार्यान्वयनमा नआएसम्म म्यानुअल रुपमा अनुदान भुक्तानी सिफारिस गर्न सकिनेछ ।

८. <u>प्रचलित कानून बमोजिम हुने</u>: बाली तथा अन्य विषयमा बीमा ऐन, २०७९, बीमा नियमावली, २०८१, कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९, प्रचलित कृषि तथा पशुपन्छी बीमा लेख र अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

९. <u>बाधा अड्काउ फुकाउने वा संशोधन गर्ने अधिकार</u>: यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आईपरेमा वा संशोधन गर्नु परेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अडकाउ फुकाउन वा संशोधन गर्न सक्नेछ।

सचिव

सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

डा. मदन प्रसाद परियार
कृषि तथा पशुपन्छी विकास मन्त्री

## अनुसूची -१

(दफा ५ को उपदफा (१) खण्ड (ग) सँग सम्बन्धित)

बाली तथा पशुधन बीमाको बीमा प्रिमियममा देहाय बमोजिम अनुदान प्रतिशत कायम गरिएको छः-

| क्र.सं. | बीमाङ्क रकम | अनुदान प्रतिशत |
|---|---|---|
| १ | पचास लाख रुपियाँसम्म | ८० |
| २ | पचास लाख देखि एक करोड रुपियाँसम्म | ६५ |
| ३ | एक करोड रुपियाँ भन्दा बढी | ५० |

सचिव

सचिव